कन्चनपुर जिल्ला अदालत
महेन्द्रनगर, कन्चनपुर
२०२१

# श्री कन्चनपुर जिल्ला अदालत

## तहशील शाखा भीमदत्तनगर कन्चनपुर।

## सालको गोलिया काठ लिलाम बढाबढ सम्बन्धी १५ दिने सूचना ! सूचना !! सूचना !!!

## सूचना लागू हुने मिति २०७८।०८।०३ देखि ऐ. १७ गतेसम्म।

## लिलाम बढाबढ बोल्ने मिति २०७८।०८।१९ गते आइतवार विहान ११.०० बजे।

यसमा यस अदालतको प्राङ्गणमा वेवारिसे तथा के कुन मुद्दाको दशी हो भन्ने अभिलेख नदेखिएको र सो काठ वेवारिसे हो भन्ने मिति २०७८।०७।२३ गतेको यस अदालतको खडा गरिएको मुचुल्का, यस अदालतको मिति २०७८।०७।२९ गतेको निर्णय र यस अदालतको मिति २०७८।०८।०१ मा बसेको मूल्यांकन समितिको निर्णय बमोजिम देहायको सालको गोलिया काठ लिलाम बढाबढद्वारा बिक्री गर्नुपर्ने भएकोले लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७८।०८।०३ गते देखि मिति २०७८।०८।१७ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रू.३००/- फिर्ता नहुने) दर्ता गरी न्यूनतम मूल्य रू.७,३१०/-(सात हजार तीन सय दश) को १०% ले हुने रकम रू.७३१/- (सात सय एकतीस) रूपैयाँ यस अदालतमा धरौटी रसिदकाटी नगदैजम्मा गरी सक्कलै रसिद पेश गरेका व्यक्ति वा संस्थालाई मात्र मिति २०७८।०८।१९ गते विहान ११.०० बजे सम्पन्न हुने लिलाम बढाबढ कार्यक्रममा सहभागी गराइने भएकोले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूबाट लिलाम बढाबढको लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

| सिं.न. | जात | किसिम | नाप सईज | | | परिणाम | गोलियामा परिणत गर्दा हुने परिमाण | प्रति इकाई दर रू. | प्राविधिकले तोकेको न्यूनतम मूल्य रू. | समितिले तोकेको मूल्य। |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाई फीट | चौडाई (इन्च) | मोटाई (इन्च) | | | | | |

तहसिल
शा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | साल | चिरान | ५ | ८ | ६ | १.६७ | २.३४ | १,०००/- | २,३४०/- | २,३४०/- |
| २ | साल | चिरान | ५ | ८ | ६ | १.६७ | २.३४ | १,०००/- | २,३४०/- | २,३४०/- |
| ३. | साल | चिरान | ५ | ९ | २ | ०.६३ | ०.८८ | १,०००/- | ८८०/- | ८८०/- |
| ४. | साल | चिरान | ५ | ९ | ४ | १.२५ | १.७५ | १,०००/- | १,७५०/- | १,७५०/- |
| जम्मा न्यूनतम मूल्य रू. सात हजार तीन सय दश रूपैयाँ मात्र। | | | | | | | ७.३१ | | ७,३१०/- | ७,३१०/- |

तहसिलदार शा.अ.

कञ्चनपुर जिल्ला अदालत महेन्द्रनगर, कञ्चनपुर २०२१

१. लिलाम बढाबढमा सहभागी हुन चाहने व्यक्ति वा संस्था वा फर्मले मिति २०७८।०८।०३ गते मिति २०७८।०८।१७ गते सम्म अड्डा समय विहान १०.०० बजे देखि बेलुका ४.०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि साथैराखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट लिलाम बढाबढ फाराम दस्तुर यस अदालतबाट जारी निवेदन भरी (निवेदन दस्तुर रू.३००/- फिर्ता नहुनेगरी) यस अदालतको तहशील शाखामा बुझाउनु पर्नेछ।

२. लिलाम बढाबढ निवेदन मिति २०७८।०८।०३ गते देखि मिति २०७८।०८।१७ सम्म दर्ता गराएर मात्र माथि उल्लिखित मिति २०७८।०८।१९ गते दिनको ११.०० बजे उपस्थित हुने व्यक्ति वा संस्थालाई मात्र लिलाम बढाबढमा सहभागी गराइने छ।

३. लिलाम बढाबढ सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको वाहेक अरूको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ।

४. लिलाम बढाबढ निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७८।०८।१९ गते दिनको ११.०० बजे सम्पन्न हुने लिलाम बढाबढ कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समय भित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन र राखेको न्यूनतम धरौटी रकम समेत जफत हुनेछ, सो दिन अड्डामा कुनै

सार्वजनिक तातिल परेमा सो सार्बजनिक बिदा सकिएको भोलिपल्ट माथिकै प्रकृया बमोजिम लिलाम बढाबढ कार्य सम्पन्न गरिनेछ।

५. लिलाम बढाबढ यस अदालतबाट स्वीकृत भै सकार गरिलिने व्यक्ति वा संस्थाले ७ (सात) दिन भित्र आफूले बोलकबूल गरेको मूल्यको १३% ले हुने मूल्य अभिवृद्धि कर समेत जोडी हुन आउने एकमुष्ट रकम यस अदालतको लेखा फाँटमा उपस्थित भई रकम बुझाई नगदी रसिद लिई लिलाम हुने काठ जे जुन अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ, अन्यथा मनासिब माफिकको कारण बाहेक न्यूनतम मूल्यको १०% ले हुन आउने धरौटी रकम कानून बमोजिम जफत हुनेछ।

६. लिलाम बढाबढ हुने सालको गोलिया चिरान काठ हेर्न चाहेमा वा यस सम्बन्धमा थपकुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ४.०० बजे सम्म यस अदालतको तहशील शाखामा सम्पर्क गर्न सकिनेछ।

७. लिलाम बढाबढ सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत

इति संवत् २०७८ साल मङसिर महीना ०२ गते रोज ५ शुभम्...............................................................।